# आमाछोदिङमो गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

### व्यक्तिगत घटनादर्ता सप्ताहको अवसरमा आमाछोदिङमो गाउँपालिकाको अपिल !

व्यक्तिगत घटना दर्ता भन्नाले राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता व्यक्तिगत घटना नीजको स्थायी ठेगाना भएको वडा कार्यलयमा दर्ता गर्ने कार्य भन्ने बुझिन्छ। यस्ता घटना दर्ता गर्नु र गराउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। जन्म दर्ता व्यक्ति पहिचानको पहिलो आधार भएकोले नेपाल सरकारले यसलाई अनिवार्य गरेको छ भने अन्य घटनादर्ताहरु पनि व्यक्तिको अधिकार तथा कानुनी मान्यता प्राप्तीको लागि उत्तिनै महत्वपूर्ण छन्। यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रुपमा दर्ता गर्न सकिन्छ। सबै नागरिकले समयमै घटनादर्ता गराउदा आफ्नो वडा, गाउँपालिका तथा देश भरिकै कुल जनसंख्याको अद्यावधिक र जनसांख्यिक वितरणको अवस्था तथा तथ्याकंको जानकारी सही रुपमा प्राप्त गर्न सकिन्छ।

सबै किसिमका घटना दर्ता गराउन र व्यक्तिको जन्म दर्ताको घटनालाई शतप्रतिशत पुर्‍याउनका लागि यस गाउँपालिका भित्र पनि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजना सेवा इकाई स्थापना भएको छ। यस आयोजनाको सहयोगमा गत दुई बर्ष देखि गाउँपालिकामा घटनादर्ता किताब डिजिटाइजेसन, घटना दर्ता शिविर सञ्चालन, अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटनादर्ता र बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेको छ। जसबाट गाउँपालिकाको सबै वडाहरुको पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धी अभिलेख चुस्त दुरुस्त राख्न सहयोग मिलेको छ।

यसै सन्दर्भमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको आयोजनामा मिति २०७९ बैशाख १ देखि ७ गते सम्म राष्ट्रव्यापी रुपमा व्यक्तिगत घटनादर्ता सप्ताह मनाउने कार्यक्रम रहेको हुँदा आफ्नो स्थायी बसोबास भएको वडाकार्यालयहरुमा जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु दर्ता गराउन बाँकी भएका व्यक्तिहरुको घटनादर्ता गराई व्यक्तिको नैसर्गिक अधिकारको उपयोग गर्नु हुन र असल नागरिक तथा असल परिवारको कर्तव्य पालना गरी सहयोग गरिदिनु हुन आमाछोदिङमो गाउँपालिका समस्त गाउँपालिकाबासि आमाबुबा दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक अपिल गर्दछ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङवेशी, रसुवा
बागमती प्रदेश, नेपाल

Email :- aamachhodingmo@gmail.com